NHS

# HPV

## vaccination

तपाईंको क्यान्सरको जोखिम कम गर्न मद्दत गर्न मानव
प्यापिलोमाभाइरस (HPV) संक्रमण विरुद्ध सुरक्षा



arm against cancer

## विश्वव्यापी मानव प्यापिलोमाभाइरस (HPV) टीकाकरण कार्यक्रम

सेप्टेम्बर 2008 देखि यता स्कूलको यिअर 8 का सबै केटीहरूलाई HPV खोप उपलब्ध गराइएको छ। सेप्टेम्बर 2019 देखि यिअर 8 का केटाहरूलाई पनि खोप दिने गरिएको छ।

HPV खोपले केटा र केटी दुवैलाई HPV-सम्बन्धित क्यान्सरहरूबाट जोगाउन मद्दत गर्ने भएकोले यसो गरिएको हो।

**संयुक्त राज्य अमेरिकामा 120 मिल्यन डोज र संयुक्त अधिराज्य (UK) मा 10 मिल्यन भन्दा बढी डोजका लगायत विश्वभर HPV खोपको 280 मिल्यन भन्दा बढी डोजहरू दिइएका छन्।**

## HPV खोपले तपाईंलाई मानव प्यापिलोमाभाइरस (HPV) द्वारा संक्रमित हुनबाट जोगाउन मद्दत गर्छ।

यो भाइरसले जीवनमा पछि गएर केही क्यान्सरहरू हुने जोखिममा वृद्धि गर्छ, जस्तै:

- पाठेघरको क्यान्सर
- केही मुख तथा घाँटीको क्यान्सर
- गुदा र जननांग क्षेत्रको केही क्यान्सरहरू

HPV खोपले अन्य यौन संक्रमित रोगहरू विरुद्ध सुरक्षा प्रदान गर्दैन।




# HPV र यो कसरी फैलिन्छ


**HPV संक्रमण धेरै सामान्य भएको छ।** खोप नलगाएका 70% भन्दा धेरै मानिसहरूलाई यो हुन्छ

70%

**HPV सम्पूर्ण जननांग क्षेत्रमा र यसको वरिपरिको छालामा बस्छ,** त्यसैले कन्डम प्रयोग गरेर HPV बाट पूर्णतया सुरक्षा प्राप्त हुँदैन।




HPV का **धेरैवटा प्रकारहरू** छन्



धेरैजसो HPV संक्रमणहरूमा कुनै लक्षणहरू हुँदैन र यिनीहरू **आफैँ निको हुन्छन्**



**कतिपय ठीक हुँदैनन्** र यसबाट क्यान्सर हुन सक्छ र अन्य कतिवटा स्थितिमा भने जननांगमा मुसाहरू देखा पर्छन्



## HPV खोपले अहिलेसम्म के फरक ल्याएको छ?

संयुक्त अधिराज्यमा खोप कार्यक्रम सुरु गरिएको पन्ध्र वर्ष भएपछि HPV संक्रमण र जननांगमा मुसा हुने युवाहरूको संख्यामा ठूलो कमी आएको छ।

समयसँगै यो खोपले संयुक्त अधिराज्यमा प्रत्येक वर्ष सयौं मानिसहरूको ज्यान बचाउने अपेक्षा गरिएको छ।

**तपाईंलाई सर्वोत्तम सुरक्षा प्रदान गर्न, तपाईं यौन सक्रिय हुनु अघि खोप लगाउनुपर्छ।**

**यदि तपाईं यौन सक्रिय हुनुहुन्छ भने पनि तपाईंले खोप लगाउनुपर्छ।**

## HPV खोप लगाउने

खोप तपाईंको पाखुराको माथिल्लो भागमा सुईद्वारा दिइन्छ।

धेरैजसो मानिसहरुलाई सुरक्षित रहनको लागि केवल एउटा मात्र डोजले पुग्छ। यो सामान्यतया तपाई स्कूलमा यिअर 8 मा हुँदा दिइन्छ।



## HPV खोप

NHS खोप अनुसूची मा प्रयोग गरिने HPV खोप गार्डासिल 9 हो र यसले केवल एकै डोजमा धेरैजसो मानिसहरूमा क्यान्सर निम्त्याउन सक्ने वा जननांगमा मुसा हुन सक्ने 9 प्रकारका HPV विरुद्ध सुरक्षा गर्छ।

## मेरो खोप छुटेको छ, के म अझै पनि लगाउन सक्छु?

सक्नुहुन्छ। यदि स्कूलमा तपाईंको खोप छुटेको छ भने, तपाईंले सकेसम्म चाँडो लगाउने प्रयास गर्नुपर्छ।

एपोइन्टमेन्ट मिलाउन आफ्नो स्कूलको नर्स, स्कूल टीकाकरण टोली वा GP प्र्याक्टिसलाई सम्पर्क गर्नुहोस्।

तपाईंको 25 औं जन्मदिन सम्म तपाईं खोप लगाउन योग्य रहनुहुन्छ।

## खोप लगाएकै महिलाहरूले पनि पाठेघरको स्क्रिनिङको लागि जानुपर्ने हुन्छ

इङ्गल्याण्डका 25 वर्ष र माथिका सबै महिलाहरूका लागि पाठेघरको स्क्रिनिङ परीक्षण उपलब्ध गराइन्छ। HPV खोपले पाठेघरको क्यान्सरका 90% सम्म मामिलाहरूको रोकथाम गर्छ, तरैपनि बोलाएको बेला महिलाहरूले पाठेघरको स्क्रिनिङको लागि जानुपर्छ।





## अन्य क्यान्सरहरूको बारेमा चैं के हुन्छ?

अन्य HPV-सम्बन्धित क्यान्सरहरूको लागि हाल कुनै स्क्रीनिंग कार्यक्रमहरू छैनन्। यदि तपाईंलाई कुनैपनि लक्षणहरूबारे चिन्ता लागेमा तपाईंको GP प्र्याक्टिससँग कुरा गर्नुहोस्।

## साइड इफेक्टहरू

अन्य धेरैजसो खोपहरूमा जस्तै, HPV खोपको साइड इफेक्टहरू पनि एकदमै हल्का हुन्छन्। हात दुख्ने, सुन्निने र रातो हुने सामान्य हो तर एक दुई दिनमा निको भएर जान्छ। धेरै गम्भीर साइड इफेक्टहरू अत्यन्त विरलै हुन्छन्।

संयुक्त अधिराज्यमा प्रयोगको लागि खोप कडा सुरक्षा मापदण्डहरूबाट पार भएको छ र खोप धेरै सुरक्षित भएको पाइएको छ। संयुक्त अधिराज्य र विश्वभरका केटा र केटीहरूलाई खोपको लाखौं डोज दिइसकिएको छ। सबै खोपहरूमा जस्तै, साइड इफेक्टहरूबारे कुनैपनि सूचनाहरूलाई राम्ररी अनुगमन र समीक्षा गरिन्छ।

यदि तपाईंले खोपबाट कुनैपनि संदिग्ध साइड इफेक्टहरूको अनुभव गर्नुभयो भने, तपाईंले यसबारे यलो कार्ड वेबसाइटमा वा **0800 731 6789** मा कल (सोमबारदेखि शुक्रबार बिहान 9 बजेदेखि बेलुका 5 बजे सम्म) गरेर अथवा पहेँलो कार्ड एप डाउनलोड गरेर सूचना दिन सक्नुहुन्छ।

**www.mhra.gov.uk/yellowcard**

## याद राख्नुहोस्

- अहिले आफ्नो HPV खोप लगाउन, भविष्यमा धेरैवटा क्यान्सरहरूबाट आफूलाई बचाउन
- यो खोपले संयुक्त अधिराज्यमा प्रत्येक वर्ष सयौं मानिसहरूको ज्यान बचाउँदै आएको छ
- HPV खोपबाट सुरक्षा प्राप्त भएपनि तपाईले स्वास्थ्य जाँचहरू, जस्तै 25 वर्षको उमेरदेखि नै तपाईको सर्वाइकल स्मियर जाँच गराउन आवश्यक हुन्छ

### थप जानकारीको लागि, जानुहोस् www.nhs.uk/hpv

Gardasil 9 खोपमा भएको वस्तुहरूको पूर्ण सूची बिरामी सूचना पुस्तिका (PIL) मा दिइएको छ: www.medicines.org.uk/emc/product/7330/pil

उत्पादन विशेषताहरूको सारांश (SPC): www.medicines.org.uk/emc/product/7330/smpc/print

यो पर्चा संयुक्त अधिराज्य को स्वास्थ्य सुरक्षा निकायले तयार पारेको हो।
**टीकाकरणले, हरेक उमेरका सबैलाई जोगाउन मद्दत गर्दछ।**

यो पर्चा यहाँबाट अर्डर वा डाउनलोड गर्न सकिन्छ: www.healthpublications.gov.uk, यसमा कल गरेर: 0300 123 1002 (लाईनहरू सोमबारदेखि शुक्रबार बिहान 8 बजेदेखि बेलुका 6 बजेसम्म खुला रहन्छ)। यो पर्चा निम्न भाषाहरूमा अनुवादित संस्करणमा पनि उपलब्ध छ: अल्बेनियन्, अरबी, बंगाली, ब्राजिलियन पर्तुगाली, बुल्गेरियन, चिनियाँ, स्पेनिश, एस्टोनियाई, फारसी, फिजियन, ग्रीक, गुजराती, हिन्दी, कुर्दिश, लाटभियन, लिथुआनियन, नेपाली, पञ्जाबी, पश्तो, पोलिश, रोमानी, रोमानियाई, रुसी, सोमाली तागालोग, टर्की, ट्वी, टिग्रीन्या, युक्रेनी, उर्दू, यिद्दिश र योरुबा

© Crown Copyright 2023. Product code: HPVU1L-NE. 3P 850K MAY 2023 (APS)
UK Health Security Agency gateway number 2023-035 Nepali